# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, कात्तिक २१ गते २०४९ साल (अतिरिक्ताङ्क ४०(क)

## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : पारस्परिक सहयोग र सहकारिताको माध्यमद्वारा निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याई विभिन्न किसिमको सहकारी संस्था तथा संघहरूको प्रवर्द्धन एवं विकासमा सघाउ पु-याउनको लागि एक राष्ट्रिय सहकारी विकास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बोर्डको स्थापना र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी विकास बोर्ड सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(घ) "सहअध्यक्ष" भन्नाले समितिको सहअध्यक्ष सम्झनुपर्छ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, सहअध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

३. <u>बोर्डको स्थापना</u> : सहकारी सिद्धान्त अनुरूप निम्न स्तरका जनताको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा सम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको विकासमा सघाउ पु-याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएकोछ।

४. <u>बोर्ड संगठित संस्था हुने</u> : (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) बोर्डको काम कारवाहीका निमित्त एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ।

५. <u>बोर्डको कार्यालय</u> : बोर्डको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ।

६. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u> : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राष्ट्रिय स्तरमा सहकारिताको माध्यमबाट सहकारी संघ-संस्थाहरुको प्रवर्द्धन एवं विकासको लागि आवश्यक नीतिहरु तर्जुमा गरी सो को कार्यान्वयन गर्न श्री ५ को सरकार समक्ष सिफारिश गर्ने।

(ख) सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि श्री ५ को सरकारलाई आवश्यक सहयोग पु-याउने र ती नीतिहरु कार्यान्वयन गर्ने, गराउने।

(ग) सहकारी विकास सम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने।

(घ) सहकारी संघ-संस्थाहरुलाई सुलभ तरीकाबाट ऋण वा अनुदान प्रदान गर्ने उद्देश्यले एक सहकारी विकास कोष खडा गरी सो कोषबाट सहकारी संघ-संस्थालाई विकासमूलक कार्य सञ्चालन गर्नको लागि आवश्यक पूँजी उपलब्ध गर्ने, गराउने।

(ङ) सहकारी संघ-संस्था वा सहकारी बैंकको शेयरमा लगानी गर्ने।

(च) सहकारी संघ-संस्थाहरुले स्वदेशी बैंक वा अन्य निकायबाट ऋण लिंदा वा ऋणपत्र जारी गर्दा



४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बोर्डको सहयोग मागेमा आवश्यकतानुसार जमानत दिने।

(छ) सहकारी संघ-संस्थाहरूको विकाससंग सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा सहकारी संघ-संस्थाहरूको प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने।

(ज) श्री ५ को सरकारका विभिन्न निकाय सहकारी संघ-संस्था तथा गैह्र सरकारी संस्थाहरूबीच सामन्जस्य स्थापना गरी त्यस्ता संस्थाहरूलाई व्यवसायमूलक कार्यक्रममा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पु-याउने।

(झ) स्वदेशी तथा विदेशी लगानीकर्ता संघ-संस्था कम्पनी तथा कर्पोरेशन र श्री ५ को सरकारसंग सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि संयुक्त लगानी गर्न सम्झौता गराउने।

(ञ) सहकारी विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने।

७ कार्यकारी समितिको गठन : (१) बोर्डको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति हुनेछ :-

(क) कृषि मन्त्री वा राज्यमन्त्री- अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) श्री ५ को सरकारले तोकेको- सहअध्यक्ष

(ग) अध्यक्ष, राष्ट्रिय सहकारी संघ- सदस्य

(घ) नेपाल राष्ट्र बैंकका गभर्नर- सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय- सदस्य

(च) सचिव, आपूर्ति मन्त्रालय- सदस्य

(छ) सचिव, उद्योग मन्त्रालय- सदस्य

(ज) सचिव, कृषि मन्त्रालय- सदस्य

(झ) सचिव, स्थानीय विकास मन्त्रालय- सदस्य

(ञ) प्रतिनिधि राष्ट्रिय योजना आयोग- सदस्य

(ट) रजिष्ट्रार, सहकारी विभाग- सदस्य

(ठ) केन्द्रीय सहकारी संघका अध्यक्षहरूले आफू मध्येबाट निर्वाचन गरेका दुई जना- सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) पाँच विकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ताहरू मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत पाँच जना- सदस्य

(ढ) महिला सहकारी कार्यकर्ताहरूबाट एक जना- सदस्य

(ण) सम्बन्धित विषयका विशेषज्ञहरूबाट दुई जना- सदस्य

(त) महाप्रबन्धक, कृषि विकास बैंक- सदस्य

(थ) श्री ५ को सरकारले तोकेको व्यक्ति - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिमका सदस्यहरू समितिको सिफारिशमा श्री ५ को सरकारले मनोनीत गर्नेछ।

(३) उपदफा (१) को खण्ड (ठ), (ड), (ढ) र (ण) बमोजिमका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(४) श्री ५ को सरकारले समितिको कारण सहितको सिफारिशमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरू हेरफेर गर्न सक्नेछ।

८. **समितिको बैठक** : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सहअध्यक्षले गर्नेछ। अध्यक्ष तथा सहअध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ।

९. समितिको काम, कर्तव्य र अधिकार : यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही बोर्डले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु, अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१०. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपसमितिहरूको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

११. बोर्डको कोष : (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ।

(२) बोर्डको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम

260



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) सहकारी संघ-संस्थाहरु, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरुबाट प्राप्त अनुदान रकम,

(घ) अनुसन्धान तथा परामर्श वापत प्राप्त शुल्क, र

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान रकम लिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्यभित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) बोर्डद्वारा गर्नुपर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१२. सहकारी विकास कोष : (१) बोर्डले आफ्नो कोषबाट सहकारी संघ-संस्थाहरुलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्नको लागि एउटा छुट्टै सहकारी विकास कोष स्थापना गर्नेछ।

(२) सहकारी विकास कोषको रकम छुट्टै खातामा राख्नु पर्नेछ।

(३) सहकारी विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

१३ लेखा र लेखा परीक्षण : (१) बोर्डको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ।



५६१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बोर्डको लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै दर्तावाल लेखा परीक्षकद्वारा हुनेछ।

१४. अधिकार प्रत्यायोजन : (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा दफा १० बमोजिमको उपसमिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१५. सहअध्यक्ष र सदस्य-सचिवको पदावधि र सेवा शर्त : (१) सहअध्यक्ष र सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछन्।

(२) सहअध्यक्ष र सदस्य-सचिवको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

१६. बोर्डको कर्मचारी तथा सल्लाहकार सम्बन्धी व्यवस्था : (१) बोर्डले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारीहरू तथा सल्लाहकारको नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरू तथा सल्लाहकारको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने : बोर्डले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. श्री ५ को सरकारसंग सम्पर्क : बोर्डले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि मन्त्रालयमार्फत राख्नु पर्नेछ।

१९. बोर्डको विघटन : (१) कुनै मनासिब कारणबाट बोर्डलाई खारेज गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व श्री ५ को सरकारमा सर्नेछ।

२०. विनियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ।

लालमोहर सदर मिति २०४९।७।२१।६

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।